## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड:०३ संख्याः ०१ .मितिः २०७७/०३ /२९

**भाग-१**

**विराटनगर महानगरपालिका**

नगरसभाबाट मिति २०७७।०३।१४ मा पारित

“निर्माण व्यवसाय सम्बन्धी ऐन, २०७७”

# विराटनगर महानगरपालिका

## निर्माण व्यवसाय सम्बन्धी ऐन, २०७७

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "निर्माण व्यवसाय सम्बन्धी ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन विराटनगर महानगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ लागेमा यस ऐनमा

क. "नगरपालिका" भन्नाले विराटनगर महानगरपालिका सम्भन्नु पर्नेछ ।

ख. "नगर कार्यपालिकाको कार्यालय" भन्नाले विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्भन्नु पर्नेछ ।

ग. "निर्माण व्यवसाय सम्बन्धी ऐन" भन्नाले "घ" वर्गको निर्माण व्यवसाय इजाजत प्रदान गर्ने ऐन सम्भन्नु पर्ने छ ।

घ. "इजाजतपत्र" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ. १० बमोजिम सर्वजानिक निर्माण सम्बन्धि व्यवसाय गर्नको लागि दिइने "घ" वर्गको साविक निर्माण इजाजतपत्रको लागि सम्भन्नु पर्ने छ ।

ङ. "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले यो ऐनअन्तर्गत बनेको नियम तथा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिमको सम्भन्नुपर्छ ।

३. निर्माण व्यवसायीको योग्यता : "घ" वर्गको निर्माण व्यवसायीको योग्यता संघीय ऐन बमोजिम हुनेछ ।

४. सार्वजानिक निर्माण कार्य गर्न निषेध : यो ऐन प्रारम्भ भएपछि नगरपालिकाबाट "घ" वर्ग अन्तर्गतको सार्वजनिक निर्माण कार्य गर्न यो ऐन बमोजिम इजाजतपत्र नलिइ व्यवसायीक कारोबार गर्न पाइने छैन ।

५. इजाजतपत्र लिन दरखास्त दिने : (१) कुनै पनि फर्म / कम्पनीले सार्वजानिक निर्माण कार्यको लागि "घ" वर्गको इजाजतपत्र लिनको लागि फर्म / कम्पनी दर्ता गराउन चाहेमा तोकिएको दस्तुर सहित तोकिए बमोजिमको दस्तुर सहित नगरपालिका समक्ष निवेदन दिनु पर्ने छ ।

(क) फर्म/कम्पनी को नाम ।

(ख) फर्म/कम्पनी को ठेगाना ।

(ग) फर्म/कम्पनी को उद्देश्य तथा त्यसले कारोबार गर्ने चीज वस्तु तथा कामको विवरण ।

(घ) फर्म/कम्पनी को धनीको नाम, ठेगाना र बाबु, बाजेको नाम र

(ङ) समय समयमा नगरपालिकाबाट सूचित आदेशद्वारा तोकिदिएको अन्य विवरणहरु ।

(२) उपदफा (१) अन्तर्गत कसैको दरखास्त दाखिल भएपछि यस ऐन अन्तर्गतको नियमावली वमोजिम गठीत जाँचवुझ समितिबाट तोकिएको मापदण्ड अनुरुप आवश्यक जाँचबुझ गरी पेश भएको सिफारीस अनुरुप दरखास्तमा खोलिएको विवरण साँचो हो भन्ने विश्वास हुने मनासिब कारण भएमा र दरखास्त गरेबमोजिम इजाजतपत्र दिन उपयुक्त देखेमा उक्त जाँचवुझ समितिको सिफारीस वमोजिम तोकिए बमोजिमको रजिष्ट्रर किताबमा व्यवसाय दर्तागरी दरखास्तवालालाई तोकिएको ढाँचाको इजाजतपत्र दिइनेछ ।

६. <u>इजाजतपत्र/प्रमाणपत्र अवधि र रिन्यु गर्ने तरिका:</u> यो ऐन बमोजिम जिल्ला समन्वय समितिबाट उपलव्ध अद्यावधिक नामावली बमोजिमका निर्माण व्यवसाय तथा महानगरपालिकामा दर्ता गरि प्राप्त गरेको इजाजतपत्र को नविकरण अवधि, नविकरण गर्ने तरिका र त्यसरी नविकरण गराउँदा लाग्ने दस्तुर तोकिएबमोजिम हुनेछ ।

७. <u>यो ऐनबमोजिम इजाजतपत्र प्राप्त नगरेका फर्मको नामबाट भएको लेनदेन र अरु कारोबारलाई कानूनी मान्यता नदिइने :</u> यो ऐन प्रारम्भ भएपछि यो ऐनबमोजिम रजिष्टर नभएको फर्म/कम्पनी को नामबाट गरेको कुनै पनि लेनदेन वा अरु कारोबारलाई कानूनी मान्यता दिइने छैन ।

८. <u>नगरपालिकाले विवरण माग गर्न सक्ने :</u> (१) यस ऐनअन्तर्गत इजाजत प्राप्त गरेका रजिष्टर फर्म/कम्पनीसँग सम्बन्धित नगरपालिकाले त्यस्तो फर्म/कम्पनीको हिसाबको विवरण माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरिएको हिसाबको विवरण सम्बन्धित विभागमा पेश गर्नु त्यस्तो फर्म/कम्पनीको कर्तव्य हुनेछ ।

८.क. <u>फर्म/कम्पनी खारेज गर्न सकिने :</u> (१) देहायको अवस्थामा सम्बन्धित नगरपालिकाले फर्म/कम्पनी खारेज गर्न सक्नेछ :

(क) इजाजत प्राप्त फर्म/कम्पनीले तोकिएको अवधिभित्र इजाजतपत्र नवीकरण नगराएमा,

(ख) फर्म/कम्पनीको धनीले मुनासिब कारण दर्शाई आफ्नो इजाजतपत्र खारेज गरी पाँउ भनी नगरपालिकामा निवेदन दिएमा,

(ग) दफा ४ को उपदफा (३) को विपरीत हुने गरी कुनै कुरा ढाँटी इजाजतपत्र प्राप्त गरेको ठहरिएमा,

(घ) नगरपालिकाले दफा ८ बमोजिमको विवरण माग गर्दा सम्बन्धित फर्म/कम्पनीले तोकिएको अवधिभित्र सो विवरण पेश नगरेमा,

(ङ) इजाजतपत्र प्राप्त ऐन वा यस ऐनअर्न्तगत बनेको नियमको विपरीत हुने गरी अन्य कुनै कार्य गरेमा ।

(२) उपदफा (१) को खण्ड (क),(ख),(ग),(घ),(ङ), बमोजिम नगरपालिकाले इजाजतपत्र खारेज गर्नुअघि सम्बन्धित फर्म/कम्पनी लाई सफाइको सबुत पेश गर्ने उचित अवसर दिनुपर्नेछ ।

(३) उपदफा (१) को खण्ड (क), (ख),(ग), (घ), (ङ), बमोजिम नगरपालिकाले इजाजतपत्र खारेज भएमा त्यसरी खारेज भएको फर्मका धनीको नाममा एक वर्षसम्म सोही उदेश्य भएको अर्को इजाजतपत्र जारि गरिने छैन ।

९. दण्ड सजाय : (१) यो ऐनबमोजिम व्यवसाय दर्ता नगराइ, इजाजतपत्र नलिइ व्यवसाय गरेको पाइएमा प्रत्येक इजाजतपत्र प्राप्त धनीलाई नगरपालिकाको तजबिजले रु.१०,०००। देखि रु.१५,०००। सम्म जरिवाना हुनेछ र सोही अपराध फेरि गरेमा ३ पटकसम्म पटकैपिच्छे शुरुमा हुने जरिवाना थप रु. १०,०००। जरिवाना हुनेछ । चौथोपटक पनि त्यस्तो गरेमा निजका नाममा कहिले पनि इजाजतपत्र प्रदान गरिने छैन ।

(२) दफा ४ अर्न्तगत दरखास्त दिंदा झुठ्ठा विवरण दाखिल गर्ने व्यक्तिलाई नगरपालिकाको तजबिजले रु.५,०००। जरिवाना हुनेछ ।

(३) दफा ६ बमोजिम दिनुपर्ने सूचना तोकिएको म्यादभित्र नदिने वा झुठ्ठा सूचना दिने इजाजतपत्र प्राप्त सम्बन्धित विभागका तजबिजले रु. ५,०००। जरिवाना हुनेछ ।

(४) यो दफाअर्न्तगत सम्बनिधत विभागले गरेको सजायमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१०. नियम बनाउने अधिकार : यो ऐनको उद्धेश्य कार्यान्वित गर्न नगरपालिकाले नियमहरु बनाउन सक्छ । सो नियममा लेखिएका कुराहरु उल्लघंन गर्ने व्यक्तिलाई जरिवाना गर्ने व्यवस्था पनि सोही नियम बमोजिम नगरपालिकाले गर्न सक्नेछ ।

११. नविकरण गर्न सकिने : यस ऐनमा अन्यत्र वा साविक ऐनमा जेसुकै लेखिएको भएतापनि स्थानीय सरकार संचालन ऐन, २०७४ लागु हुनु पूर्व तत्कालिन जिल्ला समन्वय समितिबाट जारी गरिएका सार्वजनिक निर्माण कार्यको लागि "घ"वर्गका इजाजतपत्रहरुको नामावली महानगरपालिकामा प्राप्त आ.व.२०७५।०७६ सम्म नविकरण भएका निर्माण व्यवसायीहरुको कोभिड १९ को लकडाउनको कारणले समयभित्र नविकरण हुन नसकेकोहरुका हकमा एक पटकको लागि लाग्ने जरीवाना रु.३०००।०० थप गरी २०७७

पौष मसान्तसम्म त्यस्ता फर्म कम्पनीको इजाजतपत्र नवकिरण गर्न सकिने छ ।

१२. अख्तियार प्रत्यायोजन सम्बन्धमा : यस ऐन वा यस ऐनअर्न्तगत बनेको नियम कार्यविधि बमोजिम नगरपालिकालाई प्राप्त अधिकार नगरपालिकाका सम्बन्धित महाशाखा वा शाखाका कुनै अधिकृतका कर्मचारीलाई प्रत्यायोजन गर्न सकिने छ तर दफा ८ बमोजिमको अधिकार प्रत्यायोजन गरिने छैन ।

१३ . बचाउः यस ऐन लागु हुनु पूर्व प्रचलित कानून बमोजिम घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र यसै ऐन बमोजिम जारी गरे सरह मानिने छ ।

आज्ञाले,
इन्द्रमणि पोखरेल
(प्रमुख प्रशासकीय अधिकृत)